सिंजा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नराकोट,जुम्ला ।
कर्णाली प्रदेश,नेपाल

प स:२०८०/०८१
चलानी नं :

मिति: २०८१/०२/१४

**बिषय: आयोजना तथा कार्यक्रम रकम भुक्तानी सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

श्री सबै वडा कार्यालय तथा सरोकारवालाहरु,
सिंजा गाउँपालिका, जुम्ला ।

प्रस्तुत विषयमा चालु आ.व. २०८०/८१ मा यस कार्यालय सँग सम्झौता गरि संचालनमा रहेका सबै आयोजना तथा कार्यक्रमहरुको अन्तिम भुक्तानीका लागि मिति २०८१/०२/१४ को कार्यपालिकाको निर्णय अनुसार आवश्यक सबै कागजात सहित मिति २०८१/०२/३१ गते सम्ममा यस कार्यालयमा फाइल पेश गर्नुहुन सम्बन्धित सबैलाई सुचित गरिन्छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ (सात) दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अध्यावधिक गर्नु पर्ने र भुक्तानी निकासा बन्द गरी संघीय तथा प्रदेश सरकारबाट प्राप्त भएको निकासामा खर्च नभई बाँकि रहेमा फिर्ता गर्नुपर्ने रकम समेत फिर्ता गरिसक्नु पर्ने भएको तथा असार १० गते अगावै आगामी आर्थिक बर्षको नीति तथा बार्षिक बजेट कार्यक्रम गाउँ सभामा पेश गरिसक्नु पर्ने साथै असार महिनाको अन्त्य तिर स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा अत्याधिक चाप पर्न गई सिस्टममा समेत खर्च लेखांकन कार्य प्रभावित हुने र नियमावली बमोजिम सुत्र प्रणाली बन्द हुने जानकारी गराउदै २०८१/०२/३१ गते सम्ममा यस कार्यालयमा फाइल पेश गरी भुक्तानी लिनहुन यो सूचना प्रकाशित गरिन्छ । सो समय भन्दा ढिलो गरि आयोजना / कार्यक्रमको भुक्तानी माग भई आएमा माथि उल्लेखित कारणले रकम भुक्तानी हुन नसकेमा कार्यालय जिम्मेवार नहुने समेत जानकारी गराइन्छ ।

.....................
विरेन्द्र बोहरा
योजना शाखा प्रमुख

.....................
गौरीकान्त चौलागाई
आर्थिक प्रशासन शाखा प्रमुख

.....................
पवित्रा शाही
प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थ:-**

श्रीमान अध्यक्ष ज्यु,

श्रीमान उपाध्यक्ष ज्यु,

श्रीमान वडा अध्यक्ष ज्यु,

श्री सुचना प्रविधि शाखा वेवसाइटमा अपलोड गरिदिन हुन ।